म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१५ आइतबार, ८ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 22 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २३४ औं 'गजलयात्रा' सम्पन्न

हेटौंडा, ७ चैत/गजल मञ्च मकवानपुरको २ सय ३४ औं गजलयात्रा सफलतापूर्वक सम्पन्न भएको छ । शनिबार साहित्य संगम तथा सिस्नुपानी मकवानपुरको संयुक्त हलमा आयोजित कार्यक्रममा मञ्चका अध्यक्ष सञ्जित श्रेष्ठको अध्यक्षता थियो । कार्यक्रममा वरिष्ठ साहित्यकार तथा गजलकार तुलसी घिमिरे प्रमुखअतिथिकारुपमा उपस्थित थिए । महाकाव्यकार मुना अर्याल, मञ्चका पूर्वअध्यक्ष तथा सल्लाहकार देवराज तिवारी, निवर्तमान अध्यक्ष केशव समर्पण, साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौला, जनसाँस्कृतिक महासंघ मकवानपुरका अध्यक्ष राजुराम राउत तथा मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनालगायत विभिन्न साहित्यिक संघसंस्थाका प्रतिनिधि र जनज्योति माध्यमिक विद्यालयका विद्यार्थीको उपस्थिति थियो । कार्यक्रमअन्तर्गत नियमित गजलवाचनमा साहित्यकारहरु नवीन दर्लामी, सागर तिमल्सिना, डिबी बर्तौला, देवराज तिवारी, केशव समर्पणलगायतले मन्तव्यसहित गजलवाचन तथा गायन प्रस्तुत गरेका थिए । गजलवाचनसँगै मञ्चका उपाध्यक्ष हरि पौड्यालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण मञ्चका सचिव कमल नेपालले गरेका थिए ।

### हेटौंडाका मुस्लिम समुदायले मनाए इद पर्व

# प्रदेशप्रमुख र मुख्यमन्त्रीद्वारा शुभकामना सन्देश जारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/इस्लाम धर्मावलम्बीले शनिबार हेटौंडामा इद-उल-फित्र (इद) पर्व मनाएका छन् । हेटौंडास्थित जामे मस्जिदमा बिहान इदको नमाज पढेपछि एकअर्कामा शुभकामना आदान-प्रदान गर्दै मुसलमानहरुले खुशियाली साटासाट गरेर यो पर्व मनाएका हुन् ।



एक महिना रोजा (व्रत) सकिएपछि यो पर्व मनाइन्छ । एक महिनासम्म रोजा बसेपछि इदको दिनमा खुशियाली साट्ने, आफन्तलाई बोलाएर भोजन गराउने, दानगर्ने प्रचलनका साथैं भाइचारा साट्ने दिन भएको जामे मस्जिदका मौलाना जाहिरमियाँ अन्सारीले बताए । मस्जिद वा इदगाह (इदको नमाज पढ्न बनाइएको खुला ठाउँ) मा भेला भएर इदको नमाज पढ्ने चलन रहेको उनको भनाइ छ । इदको नमाजपछि एकापसमा गला मिलाएर इद मुबारक भन्दै शुभकामना आदान प्रदान गरिएको छ ।

बिहानै नुहाइधुवाइ, सफा र राम्रा कपडा र अत्तर (बास्नादार) लगाएर सेवइ, फलफूल वा अन्य मीठा परिकार खाएपछि नमाजका लागि मस्जिद वा इदगाह जान्छन् । रमजान महिनामा एक महिनासम्म दिनभरिको भोकतिर्खा बिर्सेर, रिसराग र स्वार्थ त्यागेर सबै ज्ञानेन्द्रीयलाई कुकर्मबाट टाढा राखी कठोर अभ्यास पूरा गरी इदको खुसियाली साटासाट गर्दै मनाउने गरिन्छ । प्रत्येकवर्ष मुस्लिम समुदायले आफूले कमाएको सम्पत्तिको अढाई प्रतिशत गरिबलाई दान गर्नुपर्ने धार्मिक प्रचलन रहँदै आएको नेपाल मुस्लिम इत्तेहाद संगठन बागमती प्रदेश अध्यक्ष महमद समिम (समिम खान) ले जानकारी दिएका छन् ।

हेटौंडा-४ मा २०१६ सालमा जामे मस्जिद स्थापना भएको थियो । हेटौंडा-११, थानाभञ्याङमा अवुवकर मस्जिद र हेटौंडा-४, कमलडाँडामा विलाल मस्जिद रहेको छ । हेटौंडा-१, जरुवाटोलमा मदरासा दारूल कुरानमा हाल ४० जना गरिब तथा अनाथ बालकले शिक्षा लिइरहेका छन् । मकवानपुर, बारा, पर्सा, रौतहटलगायत क्षेत्रका मुस्लिम समुदायले यहाँ शिक्षा लिँदैछन् । हाल मकवानपुरमा करिब पाँच हजारको हाराहारीमा मुस्लिम समुदाय रहेको खानले दाबी गरे ।

**ईदले नयाँ ऊर्जा र सद्भाव बढाओस्ः** ***प्रदेशप्रमुख देवकोटा***

बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले ईद-उल-फित्र पर्वले सम्पूर्ण नागरिकमा नयाँ ऊर्जा र उत्साह प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् ।

ईद-उल-फित्रका अवसरमा शनिबार शुभकामना दिँदै उनले यस पवित्रपर्वले बागमती प्रदेशसहित समग्र राष्ट्रमा समृद्धि, सुशासन र शान्ति कायम गर्न सहयोग पुग्ने बताए । प्रदेशप्रमुख देवकोटाले ईद इस्लाम धर्मावलम्बी समुदायले मनाउने महत्वपूर्ण पर्व भएको उल्लेख गर्दै यसले मौलिक धर्म, संस्कृति र परम्पराको संरक्षण तथा संवर्द्धन गर्न प्रेरणा दिने विश्वास व्यक्त गरेका छन् । साथै, आपसी प्रेम, सद्भाव र एकताको भावना सुदृढ बनाउने माध्यमकारुपमा इदपर्व रहेको उनको भनाइ छ ।

प्रदेशप्रमुख देवकोटाले इद-उल-फित्रको सुखद अवसरमा बागमती प्रदेशसहित देश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली मुस्लिम समुदायप्रति सुख, शान्ति, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको कामना गरेका छन् । नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषतायुक्त देश भएको उल्लेख गर्दै उनले संविधानले अंगीकार गरेको धर्मनिरपेक्षता र विविधताबीचको एकता नै नेपालको मौलिक पहिचान भएको स्पष्ट पारेका छन् । एक महिनासम्मको रमजान अवधिमा गरिएको आत्मशुद्धि र उपासनापछि मनाइने ईदपर्वले नेपाली समाजमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र भाइचारालाई थप मजबुत बनाउने उनको विश्वास छ ।

**ईदले सामाजिक सद्भाव र एकता सुदृढ गर्छः** ***मुख्यमन्त्री बानिया***

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले इस्लाम धर्मावलम्बीको महान् पर्व ईद-उल-फित्रले सामाजिक सद्भाव कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

ईदपर्वका अवसरमा शुभकामना व्यक्त गर्दै उनले राष्ट्रियता, लोकतन्त्र र गणतन्त्र सुदृढ गर्दै समाजवादको लक्ष्य हासिल गर्न सबै नेपाली एकताबद्ध भई अघि बढ्नुपर्नेमा जोड दिए । उनले यो पर्वले आपसी एकता, सहकार्य र सहिष्णुता अभिवृद्धि गर्दै सामाजिक समता कायम गर्न प्रेरणा दिने विश्वास व्यक्त गरे । उनकाअनुसार पवित्र रमजान महिनाभर उपवास बस्दै आत्मसंयम, सहनशीलता र नैतिक अनुशासनको अभ्यासपछि मनाइने इद-उल-फित्रले आपसी सद्भाव, भाइचारा र आत्मीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

मुख्यमन्त्री बानियाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषतायुक्त देश भएकाले विविधताबीचको एकता नै राष्ट्रिय पहिचान भएको उल्लेख गरे । विभिन्न जातजाति र धर्मावलम्बीका मौलिक परम्परा तथा संस्कृतिले समाजलाई अझ सुदृढ बनाउने उनको भनाइ छ । उनले यस्ता पर्वहरुले समुदायबीच समझदारी, एकता र सहकार्य बढाउँदै देशमा शान्ति, स्थिरता र समृद्धि कायम गर्न टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । सबै धर्म, भाषा र संस्कृतिको संरक्षण तथा संवर्द्धनमा प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री बानियाँले स्पष्ट पारे ।

पर्वका अवसरमा मुख्यमन्त्री बानियाँले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली मुस्लिम दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको कामना व्यक्त गरेका थिए । आजभन्दा एकमहिना अघिदेखि मुस्लिम समुदायको एक महिना लामो ब्रत (रोजा) सुरु भएको थियो । एक वर्षभित्र गरेका पाप कटाउन यो ब्रत गरिने गर्दछ । एक महिनासम्म सूर्योदयदेखि सूर्यास्त नहुने बेलासम्म ब्रत गरेर साँझ चन्द्रमाको पूजा गरिएको थियो । यसपर्वका अवसरमा मुस्लिम समुदायले नयाँ कपडा लगाइ साथीभाइकहाँ गएर इदको शुभकामना आदानप्रदान गर्छन् । यस अवसरमा सरकारले सार्वजनिक बिदा दिएको थियो ।

# मकवानपुरगढीको सामरी खोलामा जथाभावी उत्खनन्



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका क्षेत्रमा पर्ने सामरी खोलामा तोकिएको मापदण्डविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन् भइरहेको गुनासो बढेपछि सरोकार वाला निकायले संयुक्तरुपमा स्थलगत अनुगमन गरेका छन् ।

निरन्तररुपमा एक्साभेटर मेसिन प्रयोग गरी भइरहेको उत्खननले खोलाको स्वरुप नै बिग्रन थालेको र वातावरणीय असर देखिन थालेको भन्दै स्थानीयवासीले पटकपटक गुनासो गरेपछि अनुगमन गरिएको हो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको नेतृत्वको अनुगमन टोलीमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी मकवानपुरका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो ।

सुरक्षा निकायसहितको टोलीले खोलाको विभिन्न भाग निरीक्षण गर्दै भइरहेको उत्खनन्, प्रयोग भइरहेको उपकरण तथा मापदण्डको पालना अवस्थाबारे जानकारी लिएको थियो । अनुगमनका क्रममा सबैभन्दा गम्भीर रुपमा देखिएको विषय भनेको गहिराइसम्बन्धी मापदण्ड उल्लंघन हो । गाउँपालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) अनुसार खोलामा अधिकतम एक मिटर गहिराइसम्म मात्र उत्खनन् गर्न पाइने व्यवस्था भएपनि स्थलमा दुई मिटर वा सोभन्दा बढी गहिराइसम्म खनिएको भेटिएको प्रजिअ अधिकारीले जानकारी दिए । 'तोकिएको मापदण्डभन्दा बढी गहिराइमा उत्खनन् भएको देखियो, यो गम्भीर विषय हो,' उनले भने ।

खोलामा निरन्तररुपमा एक्साभेटर प्रयोग गरी उत्खनन् गर्दा पानी धमिलो बनेको, जलचर तथा आसपासको वातावरणमा प्रत्यक्ष असर परेको स्थानीयको भनाइ छ । खोलाको प्राकृतिक बहावमा असर पुग्ने, किनारक्षेत्र कटान हुने तथा बाढीको जोखिम बढ्ने सम्भावना बढेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । यस विषयमा प्रजिअ अधिकारीले वास्तविक उत्खननको परिमाण र मापदण्ड उल्लंघनको स्तर प्राविधिक नापजाँचपछि मात्रै यकिन हुने बताए । 'कति परिमाणमा उत्खनन् भएको छ, ठेक्काअनुसार भन्दा बढी हो कि होइन भन्ने विषय प्राविधिक टोलीले मापन गरेपछि मात्र स्पष्ट हुन्छ,' उनले भने ।

अनुगमनबाट देखिएका प्रारम्भिक तथ्यका आधारमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइने प्रजिअ अधिकारीले जानकारी दिए । गाउँपालिका अध्यक्ष स्याङतानले मापदण्ड पालना गराउन आफूहरु प्रतिबद्ध रहेको उल्लेख गर्दै अनुगमनबाट आएका सुझाव तथा प्रतिवेदनका आधारमा सुधारका कदम चालिने बताए । ठेक्का लिने पक्षले सम्झौता अनुसार काम नगरे कारबाही गरिने उनको भनाइ छ । स्थलगत अवलोकनपछि विस्तृत प्राविधिक प्रतिवेदन तयार पार्ने र सोही आधारमा थप निर्णय तथा कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ ।

# चलचित्र पत्रकार संघ मकवानपुरमा पुनः खड्का



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ चलचित्र पत्रकार संघ मकवानपुर शाखाको अध्यक्षमा पुनः कपिल खड्का चयन भएका छन् । शनिबार पत्रकार महासंघ मकवानपुरको सभाहलमा भएको १४ औं वार्षिक साधारणसभा एवम् छैटौं अधिवेशन बाट खड्का पुनः अध्यक्षमा दोहोरिएका हुन् ।

खड्काले ३ मत प्राप्त गर्दा श्रीराम अर्जुनले २ मत प्राप्त गरे । अन्य पदमा भने सर्वसम्मत भएको हो । संघको उपाध्यक्षमा र विन्द्र गौतम, सचिवमा मनोज देवकोटा, सहसचिवमा मञ्जिता मैनाली र कोषाध्यक्षमा सन्नु रिजाल चयन भएका छन् । सदस्यहरुमा दर्शन क्षेत्री, अन्जना न्यासुरतामाङ, मनिता राना र रामकुमार दानी चुनिएका छन् । चलचित्र पत्रकार संघका केन्द्रीय उपाध्यक्ष बिजय आवाजको प्रमुख आतिथ्यता एवम् पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरको विशेष आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा संघका केन्द्रीय महासचिव रघुनाथ सापकोटा, कोषाध्यक्ष मनिष कार्की, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, चलचित्र पत्रकार संघ मकवानपुरका संस्थापक अध्यक्ष पोष्टराज अधिकारी 'कुमार', पूर्वअध्यक्ष मणिराज गौतम, सल्लाहकार एवम् अभिनेता अमिर गौतम लगायतको आतिथ्यता रहेको थियो ।

# सकियो वन डढेलो ब्यवस्थापन सप्ताह



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ डिभिजन वन कार्यालय मकवानपुरले सञ्चालन गरेको साताब्यापी वन डढेलो ब्यवस्थापन सप्ताह शनिवार सम्पन्न भएको छ ।

साताब्यापी कार्यक्रम अन्तरगत अग्निरेखा निर्माण, सरसफाइ, जनचेतनामूलक कार्यक्रम, गोष्ठी, प्रचारप्रसार लगायत विभिन्न कार्यक्रम गरिएको थियो । सप्ताहको अन्तिम दिन शनिवार रातोमाटेदेखि कमाने, नागश्वती, गौरीटार, हात्तीलेट, चौघडा, न्यूरेनी, पिप्लेपोखरा हुँदै वनस्खणडीदेवी सामुदायिक वनसम्म सचेतना ऱ्यालीको आयोजना गरिएको थियो । सचेतना ऱ्यालीको ब्यवस्थापन सवडिभिजन वन कार्यालय, हेटौंडाले गरेको थियो । कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रबंशीले वनको अमूल्य सम्पदालाई डढेलोबाट बचाउन उपभोक्ता समूह सदैव क्रियाशील हुनुपर्ने बताए ।

वनबाट समृद्धि प्राप्त गर्न सकिने बताउदै उनले वनलाई डढेलोबाट बचाउन वन कार्यालयले निरन्तर सहयोग गर्ने बताए । वन कार्यालयले सामुदायिक वनको विकासमा आवश्यक पर्ने तालिम, गोष्ठी, योजना बनाउने काममा सहयोग गरिरहेको र वनको ब्यवस्थापन, सदुपयोग, पर्यापर्टनको क्षेत्रमा समेत सहयोग गर्ने बताए । कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका योजना शाखाप्रमुख हेमकुमार पाठकले सामुदायिक वनले आफ्नो क्षेत्रको वनलाई डढेलोबाट बचाई वातावरण संरक्षणको साथै वनमा रहेका वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण गर्नुपर्ने बताए ।

कार्यक्रममा सव डिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख बच्चुराम सुवेदीले सबैको सामूहिक प्रयासबाट बनलाई डढेलोबाट बचाउन सकिनेमा जोड दिए । कार्यक्रममा वनका कर्मचारी, विभिन्न सामुदायिक वनका पदाधिकारी, उपभोक्ता, सञ्चारकर्मी लगायतको सहभागिता थियो । यसवर्षको नारा वन डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता रहेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# अर्थतन्त्रमापनमा आर्थिक गणना

देशभर सञ्चालनमा रहेका आर्थिक गतिविधिको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्नुका साथै कुलगार्हस्थ उत्पादन तथा राष्ट्रिय लेखाप्रणालीलाई सुदृढ बनाउन आवश्यक तथ्यांक उत्पादन गर्न आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुने आर्थिक गणनाका लागि मकवानपुरमा ६८ जना जनशक्ति परिचालन गरिने भएको छ । आर्थिक गणना कार्यालयकाअनुसार ९ जना सुपरभाइजरसहित ५९ जना गणक खटिनेछन् । स्थानीय तहअनुसार हेटौंडा उपमहानगरपालिकामा सबैभन्दा बढी ३२ जना गणक खटिनेछन् भने थाहा नगर पालिका र मनहरी गाउँपालिकामा ५/५ जना, बकैया गाउँपालिकामा ४ जना, मकवानपुरगढी र बागमती गाउँपालिकामा ३/३ जना तथा इन्द्रसरोवर र भीमफेदी गाउँपालिकामा २/२ जना गणक परिचालन गरिनेछ । वि.सं २०७५ मा पहिलोपटक सुरु गरिएको आर्थिक गणना यो दोस्रोपटक हुन लागेको हो । गणनाका लागि हेटौंडा-११ स्थित तथ्यांक समन्वय कार्यालयमा चैत्र ४ गते आर्थिक गणना कार्यालय स्थापना गरिएको छ । यसअघि २०७५ सालमा गरिएको गणनाअनुसार मकवानपुरमा १६ हजार प्रतिष्ठान तथा व्यवसाय दर्ता गरिएको थियो, जसमा ४६ हजार ५ सय ८२ जनशक्ति कार्यरत थिए । तीमध्ये ७ हजार ५ सय ९६ मात्र औपचारिकरुपमा दर्ता भएको पाइएको थियो ।

जिल्ला आर्थिक गणना कार्यालयले संकलित तथ्यांकलाई पूर्णरुपमा गोप्य राखिने र कुनैपनि व्यक्तिको विवरण प्रमाणकारुपमा प्रयोग गर्न नपाइने कानुनी व्यवस्था रहेको जानकारी दिएको छ । देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ । गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ । यद्यपि अन्तर्राष्ट्रिय संघसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकाय, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन । गणनालाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आर्थिक गणना समिति गठन गरिएको छ । समितिमा जिल्ला समन्वय समिति समन्वयअधिकारी, कोष तथा लेखानियन्त्रक कार्यालय प्रमुख, हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष, उद्योग संघका अध्यक्ष, होटल व्यवसायी संघका अध्यक्ष, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष, चिकित्सक संघका अध्यक्ष, पत्रकार महासंघका अध्यक्ष सदस्य रहने व्यवस्था छ । समितिको शुक्रबार बसेको पहिलो बैठकबाट जिल्लाका सबै १० स्थानीय तहमा पत्राचार गरी संघसंस्थाको विवरण संकलन गर्ने निर्णय गरेको छ । चैतको तेस्रो साता आर्थिक गणनासम्बन्धी गोष्ठी तथा अन्तरक्रिया आयोजना गरिनेछ ।

नाङ्लोमा पसल राख्ने साना व्यवसायदेखि ठूला उद्योग प्रतिष्ठानसम्म सबै प्रकारका औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापलाई समेट्ने गरी गणना गरिनेछ । कुनैपनि वडामा दर्ता भएका वा नभएका, आर्थिक कारोबार गर्ने सबै प्रकारका व्यवसायको विवरण संकलन गरिने बताइएको छ । आर्थिक गणनाको उद्देश्य देशभर सञ्चालनमा रहेका आर्थिक गतिविधिको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्नुका साथै कुलगार्हस्थ उत्पादन तथा राष्ट्रिय लेखाप्रणालीलाई सुदृढ बनाउन आवश्यक तथ्यांक उत्पादन गर्नु रहेको छ । अर्थतन्त्र मापनका लागि आर्थिक गणना भन्ने मूलनाराका साथ हुने राष्ट्रिय आर्थिक गणना २०८२ का लागि चार हजार गणक परिचालन हुने भएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयले यसपटकको गणनामा निजीक्षेत्रसँगको सहयोग र सहकार्यमा गरिने तयारी भएको जनाएको छ । देशभरका ७७ जिल्लामा ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी कार्यक्रमलाई करिब चार महिनाभित्र असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । यो तथ्यांकमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसाय गणना गरिएका र ती प्रतिष्ठानमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिस संलग्न रहेका पाइएको थियो । प्रतिष्ठान/व्यवसायमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरण सार्वजनिक भएका थिए भने यो गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानको संख्या बराबरी जस्तो रहेको देखाएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ९ गते सोमबार २३ मार्च २०२६ । पञ्चमी, चैत्र शुक्लपक्ष । चौलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:७ सूर्यास्त ६:१७ । विश्व मौसम दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

सन्दर्भः विश्व पानी दिवस

# सुरक्षित पानी र दिगो व्यवस्थापन

नेपालको कानुनी व्यवस्थाले पानी प्रयोगको प्राथमिकता स्पष्ट रूपमा निर्धारण गरेको छ । पहिलो प्राथमिकता खानेपानी र सरसफाइलाई दिइएको छ, किनभने यो मानव जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । त्यसपछि कृषि सिँचाइ, जलविद्युत उत्पादन, उद्योग तथा अन्य क्षेत्रमा पानी प्रयोग गर्न पाइन्छ ।



✍ सुरजकुमार भुजेल

नेपाल जलस्रोतको हिसाबले विश्वमै धनी देशमध्ये एक मानिन्छ । हिमालबाट बग्ने ठूला नदीहरू, पहाडका मुहानहरू र तराईका भूमिगत जलस्रोतहरूले देशलाई प्राकृतिक रूपमा समृद्ध बनाएका छन् । तर यति धेरै स्रोत हुँदाहुँदै पनि सबै नागरिकले सुरक्षित र पर्याप्त खानेपानी पाउने अवस्था अझै सुनिश्चित हुन सकेको छैन । पछिल्लो तथ्याङ्कअनुसार करिब ९०.०८ प्रतिशत जनसंख्याले आधारभूत खानेपानी सेवामा पहुँच पाएका छन्, तर सुरक्षित र गुणस्तरीय पानीमा पहुँच भने निकै कम अर्थात करिब ४७.५ प्रतिशत जनसंख्यामा सीमित छ । सरसफाइ क्षेत्रमा भने सुधार भएको छ र देश खुला दिसामुक्त घोषणा भइसकेको छ, जसले जनस्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पारेको छ ।

नेपालमा पानीको प्रयोग मुख्यत: खानेपानी, सरसफाइ, सिँचाइ, जलविद्युत उत्पादन र अन्य घरेलु तथा औद्योगिक प्रयोजनमा भइरहेको छ । तीमध्ये सबैभन्दा महत्वपूर्ण प्रयोग खानेपानी र सरसफाइ हो, जसले प्रत्यक्ष रूपमा मानव स्वास्थ्यसँग सम्बन्ध राख्छ । शहरी क्षेत्रमा पाइप प्रणालीमार्फत पानी वितरण भइरहेको छ भने ग्रामीण क्षेत्रमा धारा, मुहान, कुवा र इनारमा निर्भरता अझै धेरै छ । तर, धेरै ठाउँमा पानीको गुणस्तर सन्तोषजनक छैन र प्रदूषण, कमजोर पूर्वाधार तथा व्यवस्थापनको कमीले समस्या बढाइरहेको छ ।

विश्व समुदायले पानीको महत्वलाई ध्यानमा राख्दै प्रत्येक वर्ष मार्च २२ का दिन विश्व पानी दिवस मनाउँदै आएको छ । यसको सुरुवात सन् १९९२ मा रियो द जेनेरियोमा भएको संयुक्त पर्यावरण र विकासको संयुक्त राष्ट्र संघको भेलाले मनाउन थालिएको हो र सन् १९९३ देखि औपचारिक रूपमा मनाउन थालिएको हो । यस दिवसको उद्देश्य पानीको संरक्षण, सुरक्षित उपयोग र सबै नागरिकमा समान पहुँच सुनिश्चित गर्ने हो । प्रत्येक वर्ष फरक-फरक नारा तय गरिन्छ, र यस वर्षको नारा 'पानी र लैङ्गिक समानता' रहेको छ। यसले पानी व्यवस्थापनमा महिला र पुरुषबीच समान अवसर र सहभागिताको आवश्यकता औंल्याउँछ ।

नेपालमा पनि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, उपभोक्ता समितिहरू, स्थानीय तह र खानेपानी व्यवस्थापन बोर्डहरूले यो दिवस मनाउँदै आएका छन् । सरसफाइ अभियान, सचेतनामूलक कार्यक्रम, तालिम, छलफल र स्रोत संरक्षणका गतिविधिहरू सञ्चालन गरिन्छ । यस्ता कार्यक्रमहरूले समुदायलाई पानीको महत्व बुझ्न र यसको सही उपयोग गर्न प्रेरित गर्छन् । नेपालको कानुनी व्यवस्थाले पानी प्रयोगको प्राथमिकता स्पष्ट रूपमा निर्धारण गरेको छ । पहिलो प्राथमिकता खानेपानी र सरसफाइलाई दिइएको छ, किनभने यो मानव जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । त्यसपछि कृषि सिँचाइ, जलविद्युत उत्पादन, उद्योग तथा अन्य क्षेत्रमा पानी प्रयोग गर्न पाइन्छ । यसले सीमित स्रोतलाई आवश्यकताको आधारमा व्यवस्थित रूपमा उपयोग गर्ने आधार प्रदान गर्दछ ।

तर अहिलेका दिनमा पानीको क्षेत्रमा चुनौतीहरू बढिरहेका छन् । जलवायु परिवर्तनका कारण मुहानहरू सुक्दै गएका छन्, वर्षा अनियमित भइरहेको छ र प्राकृतिक स्रोतहरूमा असर परेको छ । त्यसमाथि जनसंख्या वृद्धि, तीव्र शहरीकरण, वन विनाश र प्रदूषणले पानीको माग बढाउँदै लगेका छन् । यसले भविष्यमा पानी संकट अझ गम्भीर हुन सक्ने संकेत देखिन्छ । यी चुनौतीहरूलाई न्यूनीकरण गर्न विभिन्न उपायहरू अपनाउन आवश्यक छ। वर्षा पानी संकलन प्रणाली (Rainwater Harvesting) को विस्तार, मुहान संरक्षण, जल पुनर्भरण (Recharge) प्रविधि, पानीको पुन:प्रयोग (Reuse) र पानी बचत गर्ने व्यवहारलाई प्रवर्द्धन गर्नुपर्छ । साथै, आधुनिक प्रविधिको प्रयोग, नियमित अनुगमन र जनचेतना अभिवृद्धि पनि अत्यन्त आवश्यक छन्। विद्यालय, समुदाय र स्थानीय तहबाटै पानी संरक्षणका कार्यक्रम सञ्चालन गर्न सके दीर्घकालीन सुधार सम्भव हुन्छ ।

स्थानीय तहमा क्रियाशील खानेपानी व्यवस्थापन बोर्डहरू, उपभोक्ता समितिहरू र सेवा प्रदायक संस्थाहरूको भूमिका यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण हुन्छ। यस सन्दर्भमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई देशकै नमुना मान्न सकिन्छ । यहि बोर्डबाट प्रभावित भई अहिले स्थानीय तहहरुले समेत खानेपानी व्यवस्थापन बोर्डहरु गठन गरी क्रियाशील गराइरहेका छन् । मकवानपुरकै थाहा नगरपालिकाले पनि आफ्नै ऐन जारी गरी खानेपानी व्यवस्थापन बोर्ड गठन गरेको छ र नगर क्षेत्रमा सेवा विस्तार गरिरहेको छ । धादिङको बेनीघाट रोराङ, ज्वालामुखी गाउँपालिकालगायत थुप्रै स्थानीय सरकारहरुको ऐन जारी गरी पालिकाको सक्रियतामा खानेपानी बोर्डहरु गठन गरेका छन् । यी संस्थाहरूले खानेपानीको स्रोत संरक्षण, गुणस्तरीय सेवा प्रवाह, नियमित मर्मत सम्भार, पानी परीक्षण र उपभोक्ता सहभागिता सुनिश्चित गर्ने गरी कामहरु गरिरहेका छन् ।

नेपालको संविधानको धारा ३५ (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको मौलिक हक प्रदान गरेको छ । संघीयता कार्यान्वयनसँगै स्थानीय तहलाई यस क्षेत्रको प्रमुख जिम्मेवारी दिइएको छ । तर व्यवहारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अझै पर्याप्त छैन । साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको सहकार्य पनि कमजोर देखिन्छ । यसले गर्दा योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने समस्या देखिएको छ । यदि स्थानीय तहमा रहेका खानेपानी व्यवस्थापन बोर्डहरूलाई पर्याप्त बजेट, दक्ष जनशक्ति, प्राविधिक सहयोग र तालिम उपलब्ध गराइयो भने सेवा प्रवाहमा उल्लेख्य सुधार ल्याउन सकिन्छ । साथै, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्न सके सेवाको गुणस्तर अझ राम्रो बन्न सक्छ ।

नेपालमा पानीको पर्याप्त स्रोत भए पनि यसको दिगो र समान उपयोगमा अझै चुनौतीहरू रहेका छन् । पानीको संरक्षण, प्रभावकारी व्यवस्थापन, कानुनी व्यवस्था कार्यान्वयन र स्थानीय तहका संस्थाहरूको सुदृढीकरणमार्फत मात्र सबै नागरिकमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न सकिन्छ । यसो गर्न सकेमा मात्र संविधानले सुनिश्चित गरेको मौलिक हक व्यवहारमा लागू हुनेछ र विश्व पानी दिवस मनाउनुको वास्तविक उद्देश्य पनि सार्थक हुनेछ ।

*(लेखक: भुजेल, थाहा खानेपानी व्यवस्थापन बोर्डमा आवद्ध छन् ।)*

# जनताको भरोसामाथि कुठाराघात नहोस्

✍ महेश तिमल्सिना

२१ फागुनको निर्वाचन मार्फत राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको १८२ सिट केवल चुनावी अंकगणित मात्र होइन, जनताको मनभित्र उम्लिएको परिवर्तनको चाहनाको अभिव्यक्ति पनि हो । कहिलेकाहीं इतिहास चुनावले मात्र बदलिँदैन, जनताको मनले बदलिन्छ । यसपटक नेपालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचन त्यस्तै एउटा क्षण बनेको छ । वर्षौंदेखि निराशा, अविश्वास र राजनीतिक थकान बोकेका नेपाली जनताले यसपटक एक असाधारण निर्णय गरेका छन् । झन्डै दुईतिहाइको नजिक बहुमत सहित सरकार बनाउने अंकगणित मात्र होइन, पुरानो राजनीतिक संस्कृतिलाई समेत चुनौती दिएका छन् ।

यो परिणाम एउटा दलको जित मात्र होइन । नेपालका जनता अब केवल आश्वासन सुन्न होइन, परिणाम देख्न चाहन्छन् भन्ने सन्देश हो । यो जनादेशसँगै देशको बागडोर अब नयाँ नेतृत्वको काँधमा पुगेको छ । विशेषगरी, रवि लामिछाने र बालेन शाहमाथि जनताको अपेक्षा असाधारण छ । काठमाडौंको एउटा सामान्य बिहान सम्झिनुहोस् । कुनै युवा आफ्नो मोबाइलमा समाचार हेर्दै भन्छ, 'अब सायद देश बदलिन्छ होला ।' गाउँको एउटा घरमा बाबुआमाले विदेश जाने सोचिरहेको छोराछोरीलाई भन्छन्- 'अलि दिन पर्ख, अब केही राम्रो होला कि ?' चियापसल र चौतारोमा बसेका मानिसहरू पुराना नेताहरूको कुरा होइन, नयाँ सम्भावनाको कुरा गर्न थालेका छन् । यही सानो-सानो आशाको धागोले आजको जनादेश बुनेको हो भन्दा कुनै अत्युक्ति नहोला ।

यस सफलतामा बालेन शाहको लोकप्रियताले पनि महत्वपूर्ण भूमिका खेलेको धेरैले स्वीकार गरेका छन् । काठमाडौं महानगर पालिकामा मेयरका रूपमा बालेनले देखाएको कार्यशैलीले एउटा कुरा प्रमाणित गऱ्यो कि यदि नेतृत्व दृढ भयो भने सीमित अधिकारका बीच पनि परिवर्तन सम्भव हुन्छ । नियम कार्यान्वयन गर्ने साहस, अव्यवस्था विरुद्ध उभिने हिम्मत र प्रशासनलाई परिणाममुखी बनाउने प्रयासले युवापुस्तामा एउटा नयाँ विश्वास जन्माएको छ । त्यही विश्वासले युवालाई सडकमा पनि ल्यायो । २३ र २४ भदौको जेनजी पुस्ताको आन्दोलन केवल एउटा घटना मात्र थिएन । नयाँ पुस्ता अब मौन रहने छैनन् भन्ने त्यो एउटा उदाहरण थियो । उनीहरू आफ्नो भविष्यको बारेमा निर्णय गर्ने प्रक्रियामा सहभागी हुन चाहन्छन् । उनीहरू प्रश्न सोध्न मात्र होइन्, जवाफ पनि चाहन्छन् ।

रवि लामिछानेको राजनीतिक यात्रा पनि खासै सोचेजस्तो भएन । विभिन्न आरोप, विवाद, पक्राउ र जेल-जीवन, यी सबै चरण पार गर्दै उनी यहाँसम्म आइपुगेका छन् । र विसँग सम्बन्धित केही मुद्दाहरू अहिले पनि अदालतमा विचाराधीन छन् । ती मुद्दाहरूको अन्तिम किनारा अझै लागिसकेको छैन । तर, यही यथार्थ बीच पनि लाखौं नेपालीले उनलाई विश्वास गरेका छन् । कसैले त्यसलाई व्यवस्था विरुद्धको विद्रोहका रूपमा हेरेका छन्, कसैले परिवर्तनको आकांक्षाका रूपमा । यही कारणले आज तपाईंको काँधमा केवल राजनीतिक जिम्मेवारी मात्र छैन, एउटा नैतिक परीक्षा पनि छ । यदि तपाईं निर्दोष हुनुहुन्छ भने न्यायालयबाट सत्य स्थापित होस् । यदि प्रणालीमा त्रुटि छ भने त्यो पनि उजागर होस् । तर, एउटा कुरा स्पष्ट छ, सत्ता सत्यभन्दा माथि कहिल्यै हुन सक्दैन । नयाँ नेपाल बनाउने दाबी गर्ने नेतृत्वले न्याय प्रणालीप्रति सम्मान र पारदर्शिता देखाउनु अनिवार्य हुन्छ ।

तर, यो ऐतिहासिक जनादेशसँगै अर्को संवेदनशील प्रश्न पनि उठिरहेको छ । नेपालको राजनीतिक प्रक्रियामा बाह्य हस्तक्षेप नहोस् भन्ने धेरैको प्रार्थना छ । नेपाली जनताले दिएको म्यान्डेट नेपाली जनताकै हितका लागि प्रयोग हुनुपर्छ । चाहे त्यो अमेरिका होस्, भारत होस्, चीन होस् वा संसारको कुनै पनि शक्ति, नेपालको सरकार गठन वा नीतिनिर्माणमा कुनै पनि बाह्य दबाब स्वीकार्य हुनुहुँदैन । मित्रता हुन सक्छ, सहकार्य हुन सक्छ, तर निर्णय गर्ने अधिकार नेपाली जनताकै रहनुपर्छ । स्वाभिमान विनाको विकास कहिल्यै दीर्घकालीन हुँदैन । पुर्खादेखि शान्तिभूमिका रूपमा पहिचान बनाएको हाम्रो देशका लागि भविष्यका अनेकौं कालखण्डसम्म पनि 'असंलग्न परराष्ट्र नीति' जग दरिलो बनाएर मात्रै सन्तुलित विदेशी नीति तर्जुमा गर्न सकिन्छ ।

**अबको नेपाल कस्तो ?**

नेपालमा सम्भावनाको कमी छैन । हिमाल छन्, नदीहरू छन्, कला संस्कृतिको छुट्टै वैभव छ, मिहिनेती युवा शक्ति छ । तर, समस्या विकासको अभाव मात्र होइन, डेलिभरीको हो । योजना बन्छन्, बजेट छुट्याइन्छ तर नागरिकले परिणाम देख्दैनन् । त्यसैले अब निर्वाचित सरकारले विभिन्न क्षेत्रमा तत्काल सुधार ल्याउनुपर्दछ ।

**शिक्षा प्रणाली** : सबैभन्दा पहिले शिक्षा प्रणाली बदल्नुपर्छ । नेपालको शिक्षा अझै पनि प्रमाणपत्र उत्पादन गर्ने कारखाना जस्तो बनिरहेको छ । लाखौं युवा डिग्री लिएर बेरोजगार बसिरहेका छन् । शिक्षा यस्तो हुनुपर्छ जसले सीप, नवप्रवर्तन र उद्यमशीलता जन्माओस् । विद्यालयदेखि विश्वविद्यालयसम्म शिक्षालाई श्रम, प्रविधि र उद्यमसँग जोड्नुपर्छ ।

**स्वास्थ्य सेवामा सुधार** : आज पनि धेरै नेपाली सामान्य उपचारका लागि शहर धाउन बाध्य छन् । कतिपय दुर्गम गाउँमा सामान्य औषधि पनि उपलब्ध छैन । एउटा सभ्य राज्य त्यतिबेला बन्छ, जब नागरिक उपचारका लागि भौंतारिनुपर्दैन । त्यसका लागि संविधानत: सुनिश्चित गरिएको आधारभूत र आपतकालीन स्वास्थ्य नि:शुल्क हुनुपर्ने व्यवस्थालाई व्यवहारत: कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**भौतिक पूर्वाधार** : सडक, खानेपानी, विद्युत्, इन्टरनेट । यी केवल सुविधा होइनन्, विकासका आधार हुन् । तर, विकास शहरमा मात्र सीमित भयो भने त्यसले असमानता मात्र बढाउने काम गर्छ ।

सन्दर्भः विश्व पानी दिवस

# जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ



✍ संजय कुमार न्यौपाने
*सूचना अधिकारी,*
*हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड*
*हेटौंडा, मकवानपुर*

मानव सभ्यताको विकास पानीसँगै सुरु भयो, र आज पनि हाम्रो अस्तित्वको मूल आधार पानी नै हो । तर विडम्बना के छ भने, यही जीवनदायी स्रोतको पहुँच आज विश्वभर समान छैन । २२ मार्चमा मनाइने विश्व पानी दिवस २०२६ ले यस वर्ष एउटा गहिरो सन्देश दिएको छ-

"जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ ।"

यो केवल नारा होइन, यो विश्वव्यापी यथार्थको प्रतिविम्ब हो । आजको विश्वमा पानी संकट एउटा साझा चुनौती हो, तर यसको प्रभाव सबैमा समान छैन । धनी र विकसित देशहरूमा पानी सहजै उपलब्ध हुँदा, विकासशील र अविकसित देशहरूमा अझै लाखौं मानिस सुरक्षित पिउने पानीबाट वञ्चित छन् ।

विशेष गरी महिला जीवनमा यसको गहिरो असर देखिन्छ । ग्रामीण अफ्रिका, दक्षिण एशिया र अन्य क्षेत्रहरूमा महिलाहरूले दैनिक घण्टौं समय पानी बोक्न खर्च गर्छन् । यो केवल श्रम मात्र होइन-यो उनीहरूको शिक्षा, रोजगारी र आत्मनिर्भरता खोसिने प्रक्रिया हो ।

UN-Water को तथ्यांक अनुसार, पानीको अभाव भएको क्षेत्रमा महिलाहरूले दिनको ठूलो हिस्सा पानी व्यवस्थापनमै खर्च गर्छन् । असुरक्षित पानीका कारण परिवारमा रोग फैलिँदा पनि उनीहरू नै हेरचाहकर्ताको भूमिकामा हुन्छन् । यसरी पानी संकट विस्तारै लैङ्गिक असमानताको संकट बन्दै गएको छ ।

पानीको पहुँच केवल सुविधा होइन-यो मानव अधिकार हो । तर जब कुनै समुदायमा सुरक्षित पानी र सरसफाइको अभाव हुन्छ, त्यहाँ सामाजिक विभेद, गरिबी र असमानता झन् गहिरो हुन्छ । महिलाहरूलाई प्राय पानी सम्बन्धी निर्णय प्रक्रियाबाट बाहिर राखिन्छ, नेतृत्व र नीति निर्माणमा अवसर दिइँदैन, स्रोत र बजेटमा पहुँच सिमित हुन्छ ।

यसकारण, पानी व्यवस्थापनमा परिवर्तनकारी, अधिकार-आधारित दृष्टिकोण आवश्यक छ, जसले महिलाको आवाज, नेतृत्व केन्द्रमा राख्छ ।

नेपालको सन्दर्भमा खानेपानी र सरसफाइ क्षेत्रमा उल्लेखनीय प्रगति गरेको भए पनि, अझै धेरै चुनौतीहरू बाँकी छन् । पहाडी र दुर्गम क्षेत्रहरूमा आज पनि महिलाहरू घण्टौं हिँडेर पानी ल्याउन बाध्य छन् । यसले उनीहरूको स्वास्थ्यमा असर पार्नुका साथै बालिकाहरूको विद्यालय उपस्थिति घटाउँछ । महिनावारी स्वच्छता व्यवस्थापन अझै धेरै ठाउँमा चुनौतीपूर्ण छ । धेरै विद्यालयमा पर्याप्त शौचालय र पानी सुविधा नहुँदा किशोरीहरू पढाइ छोड्न बाध्य हुन्छन् ।

नेपालमा ग्ल्क्ष्ऋभ् र ग्ल ध्क्भल जस्ता संस्थाहरूले ध्ब्क्ज कार्यक्रममार्फत सुधारका प्रयास गरिरहेका छन् । तर वास्तविक परिवर्तनका लागि महिलाहरुलाई निर्णयकर्ता बनाउने, स्थानीय तहमा महिला नेतृत्वलाई सशक्त बनाउने र योजना निर्माणदेखि कार्यान्वयनसम्म लैङ्गिक दृष्टिकोण समावेश गर्नुपर्ने देखिन्छ ।

जलवायु परिवर्तन र बढ्दो जोखिमले आज पानी संकट केवल पहुँचको समस्या मात्र होइन, यो जलवायु परिवर्तनसँग गहिरो रूपमा जोडिएको छ । अनियमित वर्षा, बाढी, सुख्खा र स्रोतको क्षयले पानीको उपलब्धता झन् अनिश्चित बनाएको छ । यस्तो अवस्थामा सबैभन्दा बढी असर महिलाहरू र कमजोर समुदायमा पर्छ । यसको समाधानका लागि दिगो, समावेशी र लचिला हुन आवश्यक छ ।

पानी र समानताको यो अभियान सफल बनाउन सबैको भूमिका अनिवार्य छ । व्यक्ति स्तरमा पानीको संरक्षण र समानताको समर्थन, विद्यालय र संस्थाहरूमा स्वच्छता शिक्षा र लैङ्गिक संवेदनशील पूर्वाधार, सरकार र स्थानीय तहमा नीति निर्माणमा समावेशिता र महिला नेतृत्व आवश्यक देखिन्छ ।

समानताको आधार-पानी, पानी केवल स्रोत होइन, यो अवसर हो । जब पानीमा समान पहुँच हुन्छ, तब मात्र स्वास्थ्यमा सुधार, शिक्षा विस्तार आर्थिक सशक्तिकरण सम्भव हुन्छ र समाज समावेशी बन्छ ।

त्यसैले "जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ" भन्ने सन्देशलाई व्यवहारमा उतार्नु आजको आवश्यकता हो ।

# बोतल, जार र बिर्को बनाउने कच्चापदार्थ अभाव, धराशायी बन्दै पानी उद्योग



काठमाडौं/पश्चिम एसियामा जारी तनाव र लालसागरको अवरोधका कारण नेपालका खानेपानी उद्योग गम्भीर संकटमा परेका छन् । खानेपानीको जार, बोतल, बिर्को (क्याप), लेभल र प्याकिङ सामग्री बनाउन प्रयोग हुने कच्चापदार्थ आपूर्ति ठप्प भएपछि देशभरिका पानी उद्योगहरू बन्द हुने स्थितिमा पुगेको उद्योगी तथा व्यवसायीहरूले बताएका छन् । प्लास्टिक दानाको मुख्य आधार कच्चा तेल (क्रुड पेट्रोलियम) रहेको र अहिले यसको उत्पादनमा आएको गिरावटका कारण विश्व बजारमै दानाको चरम अभाव देखिएको उद्योगीहरूले बताएका छन् ।

तेल प्रशोधन गर्ने ठूला कम्पनीहरूले उत्पादन कटौती गर्दा बजारमा दानाको उपलब्धता न्यून भएको उनीहरूको भनाइ छ । पश्चिम एसियामा जारी युद्धले पेट्रोलियम पदार्थको सम्पूर्ण आपूर्ति शृंखला नै बिथोलिदिएको छ, जसका कारण लजिस्टिक र ढुवानी खर्चमा भारी वृद्धि भएको छ । विशेषगरी ओमान, इरान र यूएईसँग जोडिएको रणनीतिक समुद्री मार्ग 'स्ट्रेट अफ होर्मुज' युद्धका कारण प्रभावित भएपछि समस्या झनै जटिल बनेको हो । अमेरिका-इजरायल र इरानबीचको बढ्दो तनावले खाडी मुलुकमा असुरक्षा बढ्दा उक्त मार्ग हुँदै नेपाल र भारतमा आयात हुने ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानीमा प्रत्यक्ष अवरोध सिर्जना भएको छ । विश्वकै महत्त्वपूर्ण यो व्यापारिक मार्ग युद्धग्रस्त बनेसँगै त्यसको प्रत्यक्ष असर अहिले भारतीय र नेपाली बजारमा देखिन थालेको हो ।

यो मार्ग असुरक्षित भएपछि कुनै पनि अन्तर्राष्ट्रिय आपूर्तिकर्ताले नयाँ अर्डर लिन मानिरहेका छैनन् र पहिले नै खुलिसकेका प्रतीतपत्र (एलसी) हरूको सिपमेन्ट समेत रोकिएको छ । विशेषगरी खानेपानीको बोतल र जार बनाउन प्रयोग हुने 'पेट रेजिन' र बिर्को तथा जारका लागि आवश्यक 'एचडीपीई' को मूल्य अन्तर्राष्ट्रिय बजारमा पछिल्लो केही महिनामै २० देखि ३० प्रतिशत बढेको छ । बोतल उत्पादनका लागि प्रयोग हुने पेट रेजिनको अन्तर्राष्ट्रिय मूल्य अहिले प्रतिटन ९ सय ५० देखि १ हजार १ सय डलरको बीचमा पुगेको छ । युद्ध सुरु हुनुभन्दा पहिले यो मूल्य औसत ८ सयदेखि ८ सय ५० डलर हाराहारीमा सीमित थियो ।

यस्तै जार र बिर्को बनाउन प्रयोग हुने उच्च घनत्वको प्लास्टिक दाना एचडीपीई र पीपीको मूल्य प्रतिटन १ हजार ५० देखि १ हजार २ सय ५० डलरसम्म पुगेको छ । खाडी मुलुकका तेल प्रशोधन केन्द्रहरूले उत्पादन कटौती गरेपछि यसको अभाव विश्वव्यापी रूपमै खड्किएको छ ।

लालसागर र स्ट्रेट अफ होर्मुज जस्ता रणनीतिक व्यापारिक मार्गहरू युद्धग्रस्त बनेपछि जहाजहरूले लामो बाटो प्रयोग गर्नुपरेको छ । यसले गर्दा अन्तर्राष्ट्रिय ढुवानी कम्पनीहरूले ढुवानी भाडा र युद्ध जोखिम शुल्क प्रतिकन्टेनर भाडामा २ सय प्रतिशतसम्म वृद्धि गरेका छन् । साथै, बीमा कम्पनीहरूले 'वार रिस्क सर्चार्ज' थपेका कारण सामानको अन्तिम मूल्य निकै महँगो पर्न गएको छ ।

नेपाल पानी उद्योग महासंघ अध्यक्ष विक्रम लिम्बूका अनुसार पेट्रोलियम पदार्थको उपउत्पादनका रूपमा रहेका यी कच्चापदार्थ आयातका लागि खोलिएका प्रतीतपत्र (एलसी) धमाधम रद्द भइरहेका छन् र नयाँ एलसी खुल्न सकेका छैनन् । जसका कारण बजारमा कच्चापदार्थ अभाव देखिएको छ । यो संकटको मुख्य जड पेट्रोलियम पदार्थको सहउत्पादनका रूपमा रहेका प्लास्टिक दाना र रेजिनको आपूर्तिमा आएको अवरोध भएको अध्यक्ष लिम्बूले बताए ।

'अन्तर्राष्ट्रिय बजारमा देखिएको अस्थिरताका कारण नेपालका बैंकहरूले नयाँ प्रतीतपत्र खोल्न छाडेका छन्,' उनले संचारकर्मीसँग भने, 'पहिले नै खोलिएका कतिपय एलसी समेत रद्द भएका छन्, यसले गर्दा उद्योगीहरूले कच्चापदार्थ मगाउनै नसक्ने अवस्था सिर्जना भएको छ ।' यो संकटको असर देशैभरि फैलिइसकेको छ । अध्यक्ष लिम्बूका अनुसार कोशी प्रदेशका धेरैजसो पानी उद्योगहरू कच्चापदार्थ सकिएर लगभग बन्द भइसकेका छन् ।

मधेस प्रदेशका उद्योगहरू पनि अबको केही दिनमै सोही अवस्थामा पुग्ने निश्चित रहेको उनले बताए । 'सुदूरपश्चिम र कर्णाली प्रदेशमा जम्मा एक साताका लागि मात्रै कच्चापदार्थ मौज्दात छ,' उनले थपे । देशको मुख्य खपत केन्द्र काठमाडौं उपत्यकामा पनि अवस्था निकै नाजुक रहेको उनले बताए । 'यहाँ बोतल र बिर्को उत्पादन गर्ने ठूला कारखानाहरू भएकाले केही दिन थेग्न सके पनि बढीमा १० देखि १२ दिनभन्दा बढी पुग्ने सामग्री कसैसँग पनि छैन,' अध्यक्ष लिम्बूले भने, 'यदि यही अवस्था रहे दुई हप्ताभित्र काठमाडौंका उपभोक्ताले पानीको जार र बोतल पाउन मुस्किल हुने देखिन्छ ।'

### आयात सकस र लागतमा ४० प्रतिशत वृद्धि

नेपालले पहिले भारतबाट कच्चापदार्थ ल्याउने गरेको थियो, तर अहिले भारतमै पनि यसको अभाव देखिएको छ । अध्यक्ष लिम्बूका अनुसार भारतमा सामान नपाइएपछि विकल्पका रूपमा चीनतर्फ मोडिनुपर्ने बाध्यता आएको छ । तर, चीनबाट ल्याउँदा ढुवानी दुरी र लागत दुवै असामान्य रूपमा बढ्छ ।

'खाडी मुलुकबाट उत्पादित कच्चापदार्थ पहिले चीन पुग्ने र त्यहाँबाट नेपाल आउँदा त्यसको लागत थेग्नै नसकिने गरी बढ्न पुग्छ,' उनले भने । उनका अनुसार पहिले प्रतिकिलो २ सय २५ रुपैयाँमा पाइने प्लास्टिक दानाको मूल्य अहिले २ सय ९० रुपैयाँ पुगेको छ । त्यसैगरी, अलि महँगो अर्थात् पहिले २ सय ८० रुपैयाँ पर्ने दानाको मूल्य अहिले बढेर ३ सय ५० रुपैयाँसम्म पुगेको छ ।

यतिमात्र नभई बोतल र जार प्याकिङ गर्न प्रयोग गरिने र्‍यापिङ प्लास्टिकमा पनि किलोकै ८० रुपैयाँ वृद्धि भएको छ । जुन पहिले २ सय ५० रुपैयाँ थियो भने अहिले ३ सय ३० रुपैयाँ पुगेको छ । यसरी हेर्दा कच्चापदार्थ लागतमा मात्रै करिब ४० प्रतिशतको वृद्धि देखिएको उनले बताए ।

### काठमाडौंको माग र आपूर्ति

काठमाडौं उपत्यकामा मात्रै दैनिक ३ लाख थान जार र ४ लाख २० हजार लिटर बोतल पानीको माग छ । बजारमा १० लाखभन्दा बढी जार रहे पनि तिनका लागि आवश्यक पर्ने नयाँ बिर्को र सिल बनाउने कच्चापदार्थ सकिएकाले आपूर्ति प्रणालीमा जोखिम बढेको छ । दैनिक ३ लाख ५० हजार बिर्कोको माग पूरा गर्न सक्ने क्षमता अहिले उद्योगहरूसँग छैन ।

महासंघले अब परराष्ट्र मन्त्रालय मार्फत कूटनीतिक पहलका लागि ज्ञापनपत्र बुझाउने तयारी गरेको छ । उद्योगीहरूको स्पष्ट माग छ- कि त सरकारले कच्चापदार्थ आयातमा भन्सार र कर छुट दिएर उपभोक्तालाई सस्तोमा पानी खुवाउने वातावरण बनाउनु पर्छ, होइन भने उद्योग बचाउन ४० प्रतिशतसम्म मूल्य वृद्धि गर्न अनुमति दिनुपर्छ ।

नयाँ सरकार बनिरहेको समयमा मूल्य बढाउँदा असहयोग गरेको ठहर्ने भएकाले मात्र आफूहरूले अहिलेसम्म धैर्य गरेको लिम्बूले बताए । यदि कर छुट नदिने हो भने बजारमा पानीको मूल्य बढाउन अनुमति दिनुपर्ने उनको माग छ । 'हामीले २० रुपैयाँमा बेचिरहेको बोतललाई २५ रुपैयाँ वा २५ को वस्तुलाई ३०-३५ रुपैयाँ पुर्‍याउनुपर्ने बाध्यता हुन्छ,' उनले भने, 'तर, नयाँ सरकार गठन भइरहेका बेला मूल्य बढाउँदा असहयोग गरेको भन्ने पर्छ कि भन्ने डरले हामी पर्ख र हेरको अवस्थामा छौं ।'

काठमाडौं जिल्ला पानी उद्योग संघ अध्यक्ष गोकुल थापा पनि अबको १५ देखि २० दिनभित्र काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति ठप्प हुन सक्ने बताउँछन् । अध्यक्ष थापाले विगत दुई-तीन महिनादेखि नै कच्चापदार्थ अभाव देखिन थालेको र अहिले आइपुग्दा ठप्प प्रायः भएको बताए । 'अहिले चीनमा मात्रै कच्चापदार्थको मूल्य प्रतिकिलो २ सय २० रुपैयाँ हाराहारी पुगिसकेको सुनिएको छ,' थापाले भने, 'त्यहाँबाट काठमाडौंसम्म आइपुग्दा यो झनै महँगो हुने देखिन्छ, एकातिर मूल्य बढ्नु र अर्कातिर सामान नै नआउनुले उद्योगहरू धराशायी बन्दैछन् ।'

उनले १५ देखि २० दिन अवधिभित्र नयाँ सामान आइपुगेन भने उपत्यकाका सबै पानी उद्योग बन्द हुने अवस्थामा पुग्ने बताए । उनका अनुसार काठमाडौं उपत्यकामा मात्रै बोतलको पानी उत्पादन गर्ने उद्योग ३० वटा सञ्चालनमा छन् । २० लिटरको जारको पानी उत्पादन गर्ने उद्योग करिब १ सय ५० वटा छन् । यो समस्या ७ वटै प्रदेशमा देखिएको थापाले बताए । देशभरि जम्मा ५ सय ८० हाराहारीमा पानी उद्योग सञ्चालनमा छन् ।

'यो निकै गम्भीर अवस्था हो, यदि सरकारले छिट्टै व्यवस्थापनमा ध्यान दिएन भने जनताले पिउने पानीसमेत नपाउने स्थिति आउन सक्छ,' थापाले भने । अहिले उद्योगीहरू कच्चापदार्थ सकिँदै जाँदा उत्पादन कटौती गर्न र उद्योग नै बन्द गर्नुपर्ने मानसिक दबाबमा छन् ।

*(स्रोत: अनलाइनखबर)*

# सांसद बन्न नपाएका प्रकाश भन्छन्, 'मेरो कुनै गुनासो छैन'



काठमाडौं/हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को समानुपातिक सूचीमा दलित पुरुष क्लस्टरतर्फ दोस्रो नम्बरमा रहेका गायक तथा अभिनेता प्रकाश सपूतको सांसद हुने सपना अधुरै रह्यो । संवैधानिक व्यवस्था अनुसार संसदमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधानका कारण रास्वपाले उनलाई समेट्न सकेन ।

चुनावमा रास्वपाका लागि भोट माग्दै हिँडेका प्रकाश सांसद बन्न नपाएपछि उनी पार्टी र नेतृत्वप्रति असन्तुष्ट रहेको चर्चा चलेको थियो । तर, शनिबार बिहान उनले सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै पार्टीप्रति आफ्नो कुनै गुनासो नरहेको बताएका छन् । उनले निर्वाचनपछि आफूलाई 'म छुटेँ' भन्ने लागेको भए पनि आफ्नो तीनवटा उद्देश्य पूरा भएकोमा खुसी व्यक्त गरेका छन् ।

अस्थिरता र भ्रष्टाचार अन्त्य गर्न रास्वपालाई समर्थन र सहयोग गर्ने, बालेनको नेतृत्वमा स्थायी सरकार बनाउन खुलेर लागिपर्ने र नयाँ सरकारलाई उपेक्षित, उत्पीडित आफ्नो समुदायको अनुहार देखाइरहने र झकझकाइरहने उद्देश्य बोकेर आफू निर्वाचनमा होमिएको बताउँदै उनले त्यो उद्देश्य पूरा भएको उल्लेख गरेका छन् ।

उनले होस हवासमैले आफूले चुनावमा होमिने निर्णय गरेको समेत बताएका छन् । उनी लेख्छन्, 'म मानसिक र व्यवहारिक रुपमा तयार भैरहेको थिए । किनकि, जीवनको कुनै न कुनै मोडमा कुनै कार्यकारी निकायमा बसेर काम गर्ने सोच पहिलेदेखिकै हो । अहिले त्यो संयोग र अवसर मिलेको थियो । मैले होस हवासमै निर्णय लिएको थिएँ र निर्वाचनमा होमिएको थिएँ ।'

उनले बालेन शाहको नेतृत्वमा ५ वर्षको स्थिर सरकार बन्ने प्रक्रियाको आफू सानो हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेका छन् । आगामी कयौं पुस्ताले धन्यवाद दिने काम गर्न बालेनलाई सुझाव दिँदै उनले आफूले कुनै निकायमा नियुक्ति नखाने पनि स्पष्ट पारेका छन् । अब कलाकारितामार्फत जनतालाई मनोरञ्जन दिने उनको भनाइ छ ।

# 'धुरन्धर २'को कीर्तिमानी ओपनिङ, तोड्यो 'जवान'को रेकर्ड

काठमाडौं/बलिउड अभिनेता रणवीर सिंह अभिनीत फिल्म 'धुरन्धर २'ले भारतीय बक्स अफिसमा नयाँ कीर्तिमान रचेको छ । यो फिल्मले बलिउडको इतिहासमै सबैभन्दा ठूलो ओपनिङको कीर्तिमान बनाएको हो । यसअघि यो रेकर्ड फिल्म 'जवान'को नाममा थियो, जसले ७५ करोडको ओपनिङ गरेको थियो । 'धुरन्धर २'ले भने पहिलो दिन नै एक सय करोडभन्दा बढीको कमाइ गरेको छ ।

ट्रेड पोर्टल स्याकनिल्कका अनुसार फिल्मले भारतमा मात्रै १२१ करोड ग्रस कमाएको छ । त्यसबाट फिल्मको नेट कमाइ १०२ करोड हुन आउँछ । फिल्मले हिन्दी भर्सनमा मात्र ९९ करोड भारु कमाएको छ । पेड प्रिभ्यूमा पनि फिल्मले ठूलो कमाइ गरेको थियो । पेड प्रिभ्यू (४३ करोड नेट) र ओपनिङको मिलाउँदा फिल्मको कूल व्यापार १४५ करोड ५५ लाख पुगेको छ ।

शुक्रबार पनि फिल्मको व्यापार एक सय करोड हाराहारी हुने अनुमान गरिएको छ । व्यापारिक रफ्तार यही हिसाबको रह्यो भने फिल्मले पहिलो सातामै भारतमा ५ सय करोडभन्दा बढीको कमाइ गर्ने देखिन्छ । र, यो अवधिमा फिल्मको विश्वव्यापी कमाइ ८ सय करोड हाराहारी पुग्न सक्छ । यो फिल्मको अघिल्लो भागले भारतमा ८३६ करोड र विश्वव्यापी १३ सय करोड कमाएको थियो ।

'धुरन्धरः द रिभेन्ज'को रनटाइम ३ घण्टा ४९ मिनेट रहेको छ, जसले यसलाई २१औँ शताब्दीको दोस्रो सबैभन्दा लामो बलिउड फिल्म बनाएको छ । यसअघि सन् २००३ मा प्रदर्शन भएको जेपी दत्ताको 'एलओसी कारगिल' ४ घण्टा १५ मिनेटको अवधिसहित सबैभन्दा लामो हिन्दी फिल्म हो । 'धुरन्धर २'को अन्तर्राष्ट्रिय संस्करण भने ३ घण्टा ५५ मिनेट लामो छ ।

बदला र ग्याङवारको कथामा आधारित यस फिल्ममा रणवीर सहित अर्जुन रामपाल, सञ्जय दत्त, आर माधवन, सारा अर्जुन लगायतको अभिनय रहेको छ । फिल्मलाई आदित्य धरले लेखन, निर्देशन र निर्माण गरेका हुन् । देशभक्ति र एक्सन-थ्रिलर फिल्मका लागि चिनिएका उनले यसअघि 'उरी' निर्देशन गरेका थिए, जुन व्यावसायिक रुपमा सफल भएको थियो ।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
२०८२ चैत्र ११, १२ र १३ गते

खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता
२०८२ फागुन २९ गते

जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता
२०८२ फागुन २९, ३० गते

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता
२०८२ चैत्र १, २ र ३ गते

जिल्ला स्तरीय कराते प्रतियोगिता
२०८२ चैत्र ९ र १० गते

# निर्वाचनमा दुई सय ८६ बालबालिकाको प्रयोग

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ नेपालको प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा अनुगमनका क्रममा दुईसय ८६ वटा विभिन्न क्रियाकलापमा बालबालिकालाई प्रयोग गरिएको प्रतिवेदन सार्वजनिक भएको छ ।



बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले तयार गरेको बालबालिकासम्बन्धी निर्वाचन आचारसंहिता उल्लङ्घनको संक्षिप्त अनुगमन प्रतिवेदनमा देशभर दुईसय ८६ जना बालबालिका प्रयोग भएको पाइएको हो । बालबालिका शान्ति क्षेत्र अभियानका अध्यक्ष तिलोत्तम पौडेलले यो प्रतिवेदनबारे जानकारी दिँदै निर्वाचनमा ५५ वटा घटना बालबालिकाले पार्टीको झण्डा बोक्ने, चुनावचिन्ह बोकेर प्रचारमा हिँडेको, ४८ वटा घटनामा बालबालिका पदयात्रा र भेलामा सहभागी भएको पाइएको बताए ।

३९ वटा घटना नारा लाउँदै गरेका, ३२ वटा घटनामा पार्टीको प्रचारात्मक भिडियोमा अभिनय गरिरहेको पाइएको थियो । देशभर दुई सय ८६ घटनामा बालबालिका प्रयोग भएको पाइएको उनले बताए । उनले निर्वाचनमा झडप हुने, हुलदंगा हुनेलगायत विभिन्न्न घटनामा बालबालिकाको ज्यान जोखिममा पर्ने, पढ्ने खेल्ने, सुरक्षित वातावरणमा रमाउने उमेरका बालबालिकालाई पार्टीले निर्वाचन प्रचार, भेला, विजय जुलुसमा सहभागी गराउनु भनेको बालअधिकार हनन हुने क्रियाकलाप हुन् भन्दै यसको विरोध गर्दै आगामी निर्वाचनमा यस्ता गतिविधि पुरै वन्द हुनुपर्नेमा जोड दिए ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानका अध्यक्ष पौडेलले आगामी दिनमा विद्यालयलाई निर्वाचन केन्द्र बनाउने सन्दर्भमा विकल्प खोज्नुपर्ने बताए । उनले विद्यालय र बालबालिका शान्तिक्षेत्र हुन् र बालबालिका राष्ट्रिय गौरव हुन् । बालबालिकालाई बालमैत्री शासन प्रवर्द्धन गर्न बालअधिकारको संरक्षण गर्न बालविवाह अन्त्य गर्न बाल बजेट लागु गर्न बालसंरक्षण प्रणालीलाई कार्यान्वयन गर्न नवनिर्वाचित संसदले आवश्यक पहलकदमी गर्नुपर्ने बताए ।

प्रतिवेदनअनुसार घटना प्रदेशगत अध्ययन गर्दा कोशी प्रदेशमा ६५ वटा, बागमती प्रदेशमा ५७ वटा, मधेश प्रदेशमा ४४ वटा, लुम्बिनीमा २५ वटा, सामाजिक सञ्जाललगायतमा ६६ वटा, कर्णाली प्रदेशमा १० वटा र सुदुरपश्चिम प्रदेशमा ८ वटा घटनामा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता उल्लंघनका घटना भएका छन् । महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय, बालसंरक्षण तथा विकास शाखाप्रमुख दुर्गाप्रसाद चालिसेले बालअधिकार संरक्षणको दृष्टिले निर्वाचन जस्तो जोखिमको सम्भावनायुक्त क्रियाकलापमा बालबालिकाको दुरुपयोग हुन नदिन सधैँ चनाखो हुँदै त्यस्ता क्रियाकलापको विरोध निरन्तर गर्नुपर्ने बताए ।

सामुदायिक रेडियो प्रसारक संघका निर्देशक शिरोमणि ढुंगानाले संघमा तीनसय ८० वटा रेडियो, एफएम आवद्ध रहेको र हरेक दिन २८ लाख भन्दा बढी स्रोतासमक्ष समाचार पुऱ्याइरहेको जानकारी दिए । उनले बालअधिकार सम्बन्धी निर्वाचन आचारसंहिता उल्लंघनविरुद्धको अभियानमा संघले सहकार्य गर्ने अवसरले बालअधिकार संरक्षणमा सामुदायिक रेडियो प्रसारक संघले सहयोग पुऱ्याउन पाएको बताए । प्रतिवेदन तयार गर्न बालबालिका शान्तिक्षेत्र अभियानका ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक संघ, कन्सोर्टियम, इन्सेक, सेभ द चिल्ड्रेन र बालबालिका सम्बन्धी संघसंस्थाको सहकार्य रहेको अभियानले जनाएको छ ।

अभियानले राजनीतिक दल, सुरक्षानिकाय, निर्वाचन आयोग, नागरिक समाज तथा निर्वाचन पर्यवेक्षक, परिवार र समुदायलाई समेत बालबालिकाको सुरक्षा र बालअधिकार संरक्षणको सन्दर्भमा सिफारिस गरेको छ ।

# बागमती प्रदेश सरकारको नेतृत्वका लागि दबाब बढाउँदै एमाले



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/बागमती प्रदेशमा सत्तासाझेदार दलबीच भएको आलोपालो नेतृत्वको सहमति कार्यान्वयन गर्न नेकपा एमालेले दबाब बढाएको छ । चैत मसान्तपछि सरकारको नेतृत्व परिवर्तन गरी एमालेले नेतृत्व लिनुपर्नेमा पार्टीले स्पष्ट अडान राखेको हो ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले हाल इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकार परिवर्तन गरी सहमति अनुसार एमालेले नेतृत्व पाउनुपर्ने बताए । उनले दुई दलबीच भएको सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिए । उनका अनुसार सत्तासाझेदार दलबीच आधा-आधा कार्यकाल नेतृत्व गर्ने सहमति भएकाले अबको पालो एमालेको भएको स्पष्ट छ । एमालेका सांसदहरुले पनि यसतर्फ ध्यानदिन सरकारलाई आग्रह गरेका छन् । थपलियाले प्रदेश सभाको बैठक तत्काल बोलाउनुपर्ने माग गर्दै लामो समयसम्म बैठक नबस्दा जनताका मुद्दा ओझेलमा परेको बताए ।

'संसद् चाँडो बोलाउनुपर्छ भन्ने हाम्रो निरन्तर दबाब छ,' उनले भने, 'हल तथा समयको समस्या देखाएर बैठक पन्छाउनु उचित हुँदैन ।' उनले सरकारले भौतिक पूर्वाधार (हल) को अभावलाई कारण देखाएर बैठक स्थगित गर्नु उचित नभएको बताए । मुख्यमन्त्रीले संघीय सरकार गठन प्रक्रियाको प्रतीक्षा गरेका कारण प्रदेशसभाको बैठक ढिला भएको उनको आरोप छ । सभामुख चयनको विषयमा भने सत्तासाझेदार दलबीच कुनै विवाद नरहेको उनले दाबी गरे । शक्ति सन्तुलनका आधारमा मुख्यमन्त्री एक दलको हुँदा सभामुख अर्को दलले पाउने सहमति रहेको उनको भनाइ छ ।

थपलियाका अनुसार चैतको अन्तिम वा वैशाखको सुरुवाततिर प्रदेशसभा बैठक बस्ने र नयाँ राजनीतिक प्रक्रिया अगाडि बढ्ने सम्भावना छ । 'नेपाली कांग्रेसले नेतृत्व गर्ने समय चैतसम्म मात्र हो, त्यसपछि एमालेको भागमा नेतृत्व आउने पुरानो समझदारी छ,' उनले भने । एमालेले सरकार परिवर्तन र संसद्को प्रभावकारिता दुवै विषयमा स्पष्ट अडान राखेकाले निकट भविष्यमा प्रदेशको राजनीतिक समीकरणमा नयाँ मोड आउने संकेत देखिएको छ ।

# खाडीसहित ७ देशमा किन खोलियो पुन: श्रम स्वीकृति ?



काठमाडौं/श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले खाडीसहित विभिन्न ७ देशमा पुन: श्रम स्वीकृति खुला गरेको छ । इजरायल-अमेरिका र इरानबीच जारी युद्धपछि १२ देशमा श्रम स्वीकृति र पुन: श्रम स्वीकृति स्थगन गर्ने निर्णय गरेको थियो ।

१७ फागुनमा बसेको मन्त्रीस्तरीय निर्णय गर्दै श्रम स्वीकृति प्रदान गर्ने कार्य अस्थायी रूपमा स्थगन गरेको थियो । तर, बिदामा नेपाल आएका तथा नेपाल आउन खोजेका कतिपय नेपाली समस्यामा परेको भन्दै मन्त्रालयले ३ चैतको निर्णय अनुसार साउदी अरब, यूएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीमा पुन: श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो ।

सरकारको उक्त निर्णयको यतिबेला चर्चा भइरहेको छ । वैदेशिक रोजगार क्षेत्रका कतिपयले गलत निर्णय भनेका छन् । वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले गैरआवासीय नेपाली संघ (एनआरएनए) लाई परेको समस्या अर्को तरिकाले समाधान गर्नुपर्ने बताउँदै पुन: श्रम स्वीकृति खुला गर्नु गलत भएको बताए ।

एनआरएनए सम्मेलनमा आएर फर्किन नपाएपछि उनीहरूलाई समस्या भएको बताउँदै त्यसका लागि उनीहरूलाई मात्रै लक्षित गरेर खोलिदिए हुने उनको भनाइ छ । युद्ध चलिरहेको तर नेपाल फर्किएका श्रमिकलाई पुन: जाने वातावरण बनाएपछि भोलिका दिन उद्धार गर्नुपर्ने अवस्था आउन सक्नेतर्फ सचेत गराए ।

'युद्ध रोकिएको छैन, एनआरएनहरूलाई समस्या भयो भनेर सबैका लागि खोल्नु हुँदैन,' उनको प्रश्न छ, 'युद्ध चलिरहेको बेला घर बिदामा आएका श्रमिकलाई पुन: श्रम स्वीकृति खुला गरेर उता पुग्ने वित्तिकै उद्धार गर्नुपर्ने अवस्था आयो भने के गर्ने ?' अहिले पुन: श्रम स्वीकृति लिएर दैनिक २ सय हाराहारी श्रमिक गइरहेको भन्दै उनीहरूको उद्धार गर्नुपर्ने अवस्था आए अर्को समस्या हुने उनको भनाइ छ ।

तर, सरकारले भने धेरै जनाबाट समस्यामा परेको गुनासो आएपछि पुन: श्रम स्वीकृति खोलिएको बताएको छ । परराष्ट्र मन्त्रालयको पश्चिम एसिया महाशाखा प्रमुख सहसचिव रामकाजी खड्काले ती देशमा अवस्था संवेदनशीलभन्दा सामान्य रहेको बुझिएकाले खुला गरिएको बताए ।

इजरायल-इरान द्वन्द्वसँग प्रत्यक्ष जोडिएका र कुवेत, बहराइन, इराक उडानका लागि आकाश खुला नरहेकाले तीबाहेक देशमा पुन: श्रम स्वीकृति खुला गरिएको उनको भनाइ छ । परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा बसेको 'इमर्जेन्सी रेस्पोन्स टिम' को तेस्रो बैठकले पुन: श्रम स्वीकृति खुला गर्न श्रम मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको थियो । सोही आधारमा श्रम मन्त्रालयले पुन: श्रम स्वीकृति खुला गर्ने निर्णय गरेको थियो ।

अवस्था संवेदनशीलभन्दा सामान्य रहेको बुझिएको, हवाई सेवा सीमित रूपमा सुरु हुँदै गएको, सम्बन्धित मुलुकका नेपाली संघसंस्थाले पुन: श्रम स्वीकृति खुला गरिदिन निवेदन तथा ज्ञापनपत्र पेस गरेको, विभिन्न व्यक्तिले पनि खुला गर्नेतर्फ पहल हुन निवेदन दिएको र सञ्चारमाध्यममा समेत गुनासो सार्वजनिक भएको भन्दै उक्त निर्णय गरिएको जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ७५ जिल्लामा हुन्छ व्यावसायिक कुखुरापालन, देशभरि २२ हजार ९२८ फार्म



काठमाडौं/नेपालको ७५ वटा जिल्लामा मात्र व्यवसायिक कुखुरा पालन हुने गरेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले नेपाल व्यावसायिक कुखुरापालन सर्वेक्षण २०८१/८२ को नतिजा सार्वजनिक गरेको छ । नतिजा अनुसार मनाङ र मुस्ताङमा व्यावसायिक रुपले कुखुरापालन गरेको देखिएको छैन । नेपालमा कुल २२ हजार ९२८ फार्म/कृषकले व्यावसायिक कुखुरा पालन गरेको देखिएको छ । जसमध्ये २१ हजार १०४ ले मासु, १ हजार ७०६ अण्डा उत्पादन र ११८ ले चल्ला उत्पादन गर्दै आएको देखिएको छ।

यी फार्ममध्ये ६३.७ प्रतिशत मात्र दर्ता भएको देखिएको छ । कुल फार्ममध्ये ७९.५ प्रतिशत फार्म पुरुष र २०.५ प्रतिशत फार्म महिलाले सञ्चालन गरेको देखिएको छ । कुल फार्ममा ९८ प्रतिशत व्यक्तिगत स्वामित्वमा सञ्चालनमा छन् । यीमध्ये सबैभन्दा धेरै ५ देखि १० वर्षको अवधिदेखि सञ्चालनमा रहेका छन् । कुखुरापालनमा संलग्न जनशक्तिको तथ्यांक हेर्दा कुल ५२.२ प्रतिशत उद्यमीले माध्यामिक स्तरको शिक्षा लिएका छन् ।

नेपालमा कुखुरा व्यवसायबाट एक वर्षमा ६० अर्ब ९६ करोड रुपैयाँ बराबरको मासु उत्पादन भई बिक्री भएको देखिएको छ । १४ अर्ब ८२ करोड बराबरको अण्डा, १० अर्ब २२ करोड बराबरको चल्ला र १ अर्ब रुपैयाँ बराबरको कुखुराको मल उत्पादन भई बिक्री भएको देखिएको छ ।

देशभरिका कुखुरा फार्ममध्ये ४.१ प्रतिशतको मात्रै बीमा गरेको पाइएको छ । ३४.१ प्रतिशत व्यवसायीले मात्र तालिम लिएर कुखुरा पालन गरेको पाइएको छ । नेपालमा दोस्रो पटक कुखुरापालनसँग सम्बन्धित सर्वेक्षण भएको हो । यसअघि २०७१/७२ मा सर्वेक्षण भएको थियो ।

प्रदेशगत रुपमा हेर्दा बागमती प्रदेशमा सबैभन्दा धेरै ३४.४ प्रतिशत फार्म रहेका छन् । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ७.९ प्रतिशत फार्म रहेको देखिएको छ । अघिल्लो सर्वेक्षणको तुलनामा सामान्य मात्र फार्मको संख्या बढेको छ । २०७२ मा कुल २१ हजार ९५६ फार्म रहेका थिए । यस अवधिमा लुम्बिनी प्रदेश र कर्णालीमा फार्मको संख्यामा गिरावट आएको छ । अन्यमा बढेको छ ।

# न्यू डाइमण्ड फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ काठमाडौंको न्यू डाइमण्ड स्पोर्ट्स क्लब हेटौंडामा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।



मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-१०, मा जारी दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा भएको राष्ट्रिय महिला भलिबल प्रतियोगताको सेमिफाइनल खेलमा मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई ३-० को सोझो सेटले पराजित गर्दै काठमाडौंको न्यु डाइमण्ड स्पोर्ट्स क्लब फाइनलमा प्रवेश गरेको हो । शनिबार भएको पहिलो सेमीफाइनलमा न्यू डायमण्ड स्पोर्ट्स क्लबले मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई २५-१०, २५-१४ र २५-१८ को सेटले पराजित गरेको हो । यस्तै, लुम्बिनी प्रदेशको स्टेप भलिबल क्लब पाल्पा र बागमती प्रदेशको केशवलाल श्रेष्ठ स्मिति प्रतिष्ठानबीचको सेमीफाइनल खेल वर्षाको कारण प्रभावित बनेको छ ।

यो खेल आज बिहान ८ बजे हुने र फाइनल खेल दिउसो १ बजे हुने आयोजक समितिका नरेन्द्र मोक्तानले जानकारी दिए । समूह चरणको दुईखेल खेलेको न्यु डाइमण्ड क्लबले समूह 'ए' बाट विजेता बन्दै सेमीफाइनलको यात्रा पुरा गरेको थियो भने समूहचरणको २ खेल खेलेको जनशक्ति युवा क्लबले समूह 'बी' बाट उपविजेता सेमिफाइनलको यात्रा पूरा गरेको थियो । प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

सेमीफाइनलमा पराजित हुने दुई टिमले ५० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत तर्फका खेलाडीलाई ट्रफि, मेडल, प्रमाणपत्र र नगद प्रदान गरिने छ ।

प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमको सहभागिता रहेको छ । मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमको सहभागिता रहेको थियो । बुधबारदेखि शुक्रबारसम्म भने पहिलो संस्करणको खुल्ला आमन्त्रित राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने भएको छ ।






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना